# सर्बदलीय बैठकको निर्णयहरु

निर्णय नं. १

परिषद्‌बाट निर्णय भएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने क्रममा सुपरिवेक्षण तथा अनुगमन समितिले स्थलगत निरिक्षण पश्चात प्रकृया अगाडी बढाउने । साथै परिषद्‌बाट निर्णय भएका ५लाख देखि माथीका सवै योजनाहरुको सुपरिवेक्षण तथा अनुगमन समितिले योजना स्थलमा गई सथलगत निरीक्षणको प्रतिवेदन एवं सिफारीसको आधारमा न.पा.बाट योजनाको अन्तिम भुक्तानी गर्ने व्यवस्था मिलाउन नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २

जग्गादाता नाथुराम महतोको अर्धकदको शालिकलाई नगरपालिका कार्यालय परिषरभित्र प्राविधिक दृष्टिले उपयुक्त स्थानको पहिचान गरी तत्काल राख्न नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.३

वडा नं. ४ स्थीत नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा नगरपालिकाबाट स्वामित्व हस्तान्त्रण नहुने गरी वहु उपयोगी सामुदायिक भवन निर्माणगर्न प्रकृया अगाडी बढाउन नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

पुष्पलाल श्रेष्ठ अध्ययन प्रतिष्ठान निर्माणको लागि न.पा.मा सार्वजनिक जग्गा माग भई आएको सन्दर्भमा विगतमा भएका निर्णयहरुको पुन अध्ययन गरी सम्भाव्यताको खोजी गरी आवश्यक निर्णय लिन नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

नगरपालिकाको मुख्य शहरी क्षेत्र वडा नं. १,२ र ८ मा हाल सडक विभागबाट ४ लेनको बाटो निर्माण गर्ने गरी कार्य सञ्चालन भई राखेको र उक्त स्थानमा न.पा.द्धारा निर्मित भूमिगत ढल प्रणालीमा घर घरको ढल जोड्न आह्वान गरी उत्प्रेरण जगाउने कार्य गर्न नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

नगरपालिका क्षेत्र भित्रबाट निस्कने फोहर मैलालाई व्यवस्थापनको लागि सार्वजनिक निजी क्षेत्र लागत सहभागीतामा सञ्चालन गर्न आवश्यक अध्ययन गरी आगामी बैठकमा छलफल गरी प्रस्तव पेश गर्न न.पा.लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.७

सर्वदलीय बैठक प्रत्येक २(दुई) महिनामा १० गते दिनको ३ वजे वस्ने निर्णय गरियो ।

# स्थानीय विपद ब्यबस्थापन समितिको बैठकको निर्णयहरु

निर्णय नं. १

आपतकालिन कार्य सञ्चालन केन्द्र रत्ननगर नगरपालिकामा रहेका विपद् परेको समयमा प्रयोग हुने उद्धारका सामाग्रीहरु न.पा. क्षेत्रमा रहेका सुरक्षा निकायहरु र नेपाल रेडक्रस सोसाईटी उपशाखाहरु तथा तालिम प्राप्त समुदाय स्तरमा गठित विपद् व्यवस्थापन समितीकालाई पछि आपतकालिन केन्द्रमा नै फिर्ता हुने गरी हस्तान्त्रण गर्ने निर्णय गरियो ।

निर्णय नं. २

नगरपालिका क्षेत्र भित्र पर्ने सम्भावित जोखिम क्षेत्रहरुको तत्काल स्थलगत भ्रमण गरी सुरक्षित स्थलको पहिचान गर्ने निर्णय गरियो ।

निर्णय नं.३

वर्षातको समयमा बाढीको प्रकोप हुन सक्ने जोखिम क्षेत्रमा बसोबास गर्ने नागरिकहरुलाई सतर्क रहन आह्वान गर्दै छापा तथा विद्युतीय संचार माध्यामबाट सूचना जारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

गत २०७२ बैशाख १२ गते गएको विनासकारी भूकम्पका कारण आंशिक क्षति भएका घरधनीहरुलाई जिल्ला दैवि प्रकोप उद्धार समिति चितवनबाट प्राप्त राहत रकम मध्ये यस भन्दा अगाडी वितरण भएको रकमलाई अनुमोदन गर्दै बाँकी रकम वितरण सम्वन्धमा सम्वन्धित वडा समिति कार्यालयहरुलाई पत्राचार गरी प्रचार प्रसार गरी मिति २०७३ असार २० गते भित्र न.पा.मा सम्पर्क गरी राहत बुझ्न सिफारीस गरि पठाउन निर्देशनको लागि न.पा.कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय ५

स्थानीय विपद् व्यवस्थापन समिति रत्ननगरमा चितवन राष्ट्रिय निकुञ्ज पूर्वीसेक्टर सुरक्षा अन्तर्गत रहेको श्री श्रीजंग गुल्म सौराहाका गुल्मपतिलाई सदस्यमा मनोनयन गरी आगामी बैठक देखि उपस्थितीको लागि अनुरोध गर्दै पत्राचार गर्ने निर्णय गरियो ।